कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्षः २४ | अंकः १६ | वि.सं. २०८१ | बैशाख | १७ | सोमवार | नेपाल संवत्: ११४४, | वैशाख कृष्ण पञ्चमी | Monday | 29 | Apr. | 2024 | yugaawhan@gmail.com | पृष्ठः ४ | मूल्यः ५।-

## ओझेलमा दैलेखी इतिहास

# स्थानीय महत्व बुझ्दैनन्, संरक्षणमा छैन सरकारी ध्यान

**ओम शाही**
**दैलेख, १६ बैशाख ।**

कर्णालीको मात्र नभई समर्ग देशकै धार्मिक एवंम पुरातात्विक महत्वका हिसावले महत्वपूर्ण जिल्ला हो दैलेख। दैलेख विभिन्न भाषाभाषी, जातजाती र धर्मको संगमस्थलका रुपमा रहेको जिल्लासमेत हो।

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ (संशोधनसहित) ले 'पुरातात्विक वस्तु' भन्नाले प्राग ऐतिहासिक कालमा मानिसले निर्माण गरी उपभोग गरेको वस्तु वा कुनै पनि देशको इतिहास बोध गराउने हस्तलिखित वंशावली, हस्तलिखित ग्रन्थ हुन् भनि व्याख्या गरेको छ।

यस्तै, स्वर्णपत्र, शिलापत्र, ताम्रपत्र, काष्ठपत्र, भोजपत्र, ताडपत्र, कागजपत्र, मुद्रा वा ऐतिहासिक घटना घटेको वा ऐतिहासिक विशिष्ट व्यक्ति बसेको घर र त्यस्तो व्यक्तिले प्रयोग गरेको वस्तु ढुंगा, काठ, माटो, हस्तिहाड, हाड, काँच, कपडा, कागज, धातु आदि वा बेलबट्टा भरी आकर्षक ढंगले बनाएको घरको कुनै महत्वपूर्ण भाग वा सो घरमा उपयोग गरिएका वस्तु वा बेलबुट्टा भरी वा नभरी बनाएको मूर्ति, देवदेवीको मन्दिर, चैत्य, शालिक, पौभाचित्र, राजप्रसादमा उपयोग भए-गरिएका वस्तु, पशुपन्छी, स्थावर जंगमको प्रतिकृति गरी तोकिदिएको वस्तु समेत सम्झनुपर्छ भनी व्याख्या गरेको छ।

उक्त ऐनले व्यवस्था गरे बमोजिम स्थानीयले महत्व नबुझ्नु र राज्यको संरक्षण नीतिमा ढङ्ग नपुग्नुले दैलेख जिल्लामा अवस्थित अधिकाँश ऐतिहासिक तथा पुरातात्विक एवम् धार्मिक महत्वका स्थलहरू ओझेलमा मात्रै परेका छैनन् नामेट हुने चरणमा पुगेका छन् । अझ भनौ सम्पदा संरक्षणमा सरकार त उदासिन छ, स्थानीय नागरिकमा अपनत्वको विकास अझै भइनसकेको देखिन्छ। जसले गर्दा सम्पदा चोरीको जोखिम पनि उत्तिकै छ। बाइसे, चौबीसे राज्यकालमा

बाँकी ३ पेजमा



## यि हुन् अस्तित्व खोजीका सम्पदा स्थल

दैलेख सदरमुकामको मध्यभागमा अवस्थित ऐतिहासिक कोतगढीको महत्व पनि उत्तिकै छ। झण्डै १२ हात बढी लामा ढुंगाहरूले कोतगढी निर्माण गरिएको छ। बाइसे र चौबीसे राज्यकालमा सुरक्षाका लागि कोतगढी निर्माण गरिएको बताइन्छ।

दैलेखमा रहेको कोतगढी अहिले नेपाली सेनाको सुरक्षा घेरबारमा

बाँकी ४ पेजमा

## यसो भन्छन् इतिहासका जानकार

लामो समयदेखि दैलेखका सम्पदाहरू र भाषा साहित्यको बारेमा खोज अनुसन्धान गर्दै आएका प्राध्यापक डा. मधुसूदन गिरी भन्छन्, 'राज्यले दैलेखका सम्पदाहरू संरक्षणमा दिनुपर्ने चासो दिएको छैन, अब जिम्मा स्थानीय सरकारको हो, प्रदेश सरकारले दैलेखलाई पर्यटन, इतिहास र भाषा साहित्यको प्रमुख गन्तव्य जिल्ला बनाउनुपर्छ।'

दैलेखको इतिहासलाई नजिकबाट नियालेका वरिष्ठ पत्रकार

बाँकी ३ पेजमा



## नेपाली भाषाको पहिलो सिलालेख

खस मल्लकालमा जुम्लाको सिञ्जाहाटमा ग्रीष्मकालीन र दैलेखको दुल्लुमा शितकालीन राजधानी थियो। कुनै बेला खस संस्कृतिको साम्राज्य इराक-इरानदेखि वर्मा जावा सुमद्रासम्म फैलिएको खस भाषाको इतिहास नामक पुस्तकमा उल्लेख गरिएको छ।

वि.सं.१०३८ को साहुपाल अडैद्वारा लिखित शिलास्तम्भ लेखबाट प्रारम्भ भएको नेपाली भाषाको सुरुवातका बारेमा भिन्नभिन्न बहसहरू भएको भाषाविद् प्राध्यापक डाक्टर मधुसूदन गिरी बताउँछन्। भाषाविद् प्रा. डा. गिरीले भने, 'दुल्लुमा रहेको भाषालिपिसँगै रहेको सा.के.१२७९ वि.स. १४१४ को कृतिखम्ब पनिसँगै रहेको छ, यसबाट स्पष्ट हुन्छ, नेपाली भाषाको पहिलो शिलालेख दैलेखको दुल्लु कै हो।'

## देवल र खम्ब पनि संकटमा

सदरमुकाम दैलेख बजार नजिकै रहेको ९०० वर्षअघि संवत् १३२१ मा निर्माण गरिएको इतिहास भएको भुर्तीस्थित पंचदेवललगायतका अन्य देवलहरू समेत टुक्रिँदै र फुट्दै गएका छन्।

दैलेख बजारबाट लगभग तीन किलोमिटर पूर्व-उत्तर अर्थात् सुर्खेतबाट दैलेख बजार हुँदै जुम्ला र जाजरकोट जाने मूल बाटोको बायाँतर्फ देवल भएको एउटा अत्यन्त रमणीय ठाउँ छ, जसलाई स्थानीय मानिसहरू भुर्तीको पंचिसदेवल भन्ने गर्छन्। यही ठाउँबाट भुर्तेलको उत्पत्ति भएको मानिन्छ।

करिव ३२ देखि १८ वर्गमिटर क्षेत्रमा यी देवलहरू बनेका छन। यहाँ २२ वटा देवलहरू अस्तित्वमा छन्। खम्ब देवल विलकुलै सादा अर्थात् एउटै ढुंगामा बनाइएको देवलाकार पाषाण स्तम्भ हो, जसमा आमलक, कलश र गजुराकार शीर्ष

बाँकी ४ पेजमा

## संरक्षणको पर्खाइमा महावु धाम

दैलेखको महावु गाउँपालिका, नौमूले गाउँपालिका र कालीकोटको महावै गाउँपालिकाको सिमानामा पर्ने महावु धाम हिन्दु धर्मालम्बी तथा धार्मिक पर्यटकका लागि महत्वपूर्ण तिर्थस्थल मानिन्छ।

हरेक वर्षको जनै पूर्णिमाका अवसरमा महावुमा भव्य मेला लाग्ने गर्छ। महावु गाथका भगवान शिवको पूजापाठ गरेपछि मात्र देशभरका अन्य मन्दिरहरूमा पूजापाठ हुने भएकाले महावुधामलाई ठूलो शक्तिपिठका रूपमा पूजापाठ हुँदै आएको छ।

रमणीय पाठन लेक, बुकी झार, उच्च भागमा पनि समथल भूभागको मनरोम दृश्यावलोकन र एउटा मात्र वर मागे पूरा हुने विश्वासका कारण महावु धाममा धार्मिक पर्यटकहरूको चाप बढ्दै गएको भएपनि सहज पहुँच मार्गको भने अभाव छ।

एक हजार वर्ष पहिले दैलेख भुर्तीका बोल्न नसक्ने आचार्य ब्राह्मणका छोरा

बाँकी ३ पेजमा

## 'क' र 'ॐ' को अस्तित्व पनि संकटमा

दैलेखमा हजार भन्दा बढी ऐतिहासिक, धार्मिक, साँस्कृतिक र पुरातात्विक सम्पदाहरू छन्। यति धेरै सम्पदा भए पनि संरक्षणमा राज्यले चासो राखेको छैन। नेपाली भाषा लिपिबद्ध गरेको सबैभन्दा पुरानो साके संवत ९०३ विसं १०३८ मा लेखिएको कर्णाली प्रदेशीय नागराजका उत्तराधिकारी दामुपालको समयको भनिएको भाषालिपि दैलेखको दुल्लुमा छ।

दैलेखको शिलालेखमा 'क' र 'ॐ' शब्दको अस्तित्वअहिले संकटमा परेको छ। अस्तित्व जोगाउने अभियान पनि नभएका होइनन्। तर, उचित व्यवस्थापन र संरक्षण हुन सकिरहेको छैन। मल्ल राज्य सिंजा र जुम्लाको दुल्लु दैलेख पनि संरक्षणको पर्खाइमा छ। दैलेखको इतिहास जोगाउन केन्द्र र स्थानीय सरकारले जागरुकता देखाउनुपर्ने आवश्यकता रहेको इतिहासकारहरु बताउँछन्।

## कुमारी बैंकद्धारा १० लाख दुर्घटना बिमा भुक्तानी

**युग संवाददाता**
**सुर्खेत, १६ वैशाख ।**

कुमारी बैंक लिमिटेड सुर्खेतले १० लाख रुपैयाँको दुर्घटना बिमा रकम भुक्तानी गरेको छ। परिवार सुरक्षा बचत खाता योजना'अन्तर्गत खातावालालाई सो रकम हस्तान्तरण गरिएको बैंकले जनाएको छ।

खातावालाको परिवारको तर्फबाट सिम्ता गाउँपालिका वडा नं. ४ सिमल गाउँ निवासी खातावाला केशर बहादुर खत्रीलाई श्रीमतिको दुर्घटना मृत्युपश्चात उक्त रकम हस्तान्तरण गरेको हो।

उक्त रकम कुमारी बैंक लिमिटेडको सुर्खेत शाखाबाट हस्तान्तरण गरिएको बैंकले जनाएको छ। नेको इन्स्योरेन्सबाट बिमा दाबी रकम प्राप्त भई कुमारी बैंक लिमिटेडमार्फत सो रकम भुक्तानी गरिएको हो । कुमारी बैंकले कुमारी परिवार सुरक्षा बचत खातामा आकर्षक बिमा सुविधा उपलब्ध गराउँदै आएको छ।

यस खातामा खातावालासहित परिवारका चारजना सदस्यले २६ लाख रुपैयाँसम्मको बिमा सुविधा प्राप्त गर्न सक्छन्। सो खातामा आकस्मिक दुर्घटना, मृत्यु, पूर्ण शारीरिक अशक्तता, चिकित्सा उपचार र घातक रोगका लागि बिमा सुविधा प्रदान गरिने बैंकले जनाएको छ। बैंकले विगत चार वर्षदेखि ग्राहकका सुविधाका लागि 'परिवार सुरक्षा बचत खाता योजना'मार्फत बिमालगायत अन्य सुविधा प्रदान गर्दै आएको छ।



## सम्पादकीय....

# देशभित्र अवसर नभएको की जाँगर ?

हाम्रो देशमा अवसर छैन बेरोजगार भयौं या छौं भन्नेको जमात ठूलै छ। कसैले संसारकै उत्कृष्ट अवसर लिएका छन् भने कोही डिग्रीको सर्टिफिकेट सो गर्दै हामी बेरोजगार छौं भनेर कुदेका छन्। शहरमा काम छ की भनेर भौतारिनेको सङ्ख्या पनि थुप्रै छन्। यसका अलावा जागीर खोज्नेहरुले सिधै सोध्छन यहाँ काम छ ? मलाई काम चाहिएको थियो कुरा हुँदै जान्छ रोजगारदाता सोध्छ सिप के छ नी ? के के गर्न पर्छ यहाँ कस्तो काम गर्नपर्छ ? तलव कति हुन्छ ? कति समय काम गर्नुपर्छ ? कतिदिन बिदा हुन्छ ?

यसरी जागीर खोज्न जानेले सोधेका सबै प्रश्नको एकएक उत्तर दिँदै जाँदा रोजगारदाताले भन्छ कम्प्यूटर चलाउन आउँछ ? मार्केटीङको ज्ञान छ ? कति पढ्नुभाछ ? मेसिन चलाउने अवसर दिन्छु सिकाउने मान्छेसम्म दिन्छु सिक्नुहुन्छ ? यसरी अन्तर्वार्ताका क्रममा मेसिन नाई अरु केही काम छैन ? बेसिक कम्प्यूटर कोर्ष गरेको पहिले नै बिर्सिसके त्यो त। अलि अफिस भित्र बसेर १८/२० हजार दिनमिल्ने केही काम छैन ? सोध्छ उ मलाई त्यति नभए त हुन्न। यसरी सम्वाद हुँदै जाँदा शैक्षिक योग्यता कति ? व्याचलर पास या त डिग्री पास कुरा नर्मली हुन्छ के छ नी सिप भनेर सबै कुरा गर्दै जाँदा उसले भन्छ म व्याचलर पास गरेछु बेसिक कम्प्यूटर कोर्ष पनि गरेछु। जसकोमा रोजगारी माग्न गाछ उसले ल तपाईलाई कस्तो खालको काम चाहिएको के के सिप छ सुविधा के के चाहिने सबै खुलाएर निवेदन लेख्नुस् न त भन्दा उ जावो काम खोज्न आको भनेर हेपेको किन लेख्ने निवेदन काम छ भने दिनुस नभए ठूलो कुरा नगर्नुस। उ निस्कन्छ त्यहाँबाट।

त्यहि व्यक्ति घरमा ऋण खोजीवरी खाडी जान तयार हुन्छ र जान्छ पनि जहाँ ५० डिग्रीको तापक्रममा दिनको १८/२० घण्टा काम गरेर पनि घरको ऋण तिर्न नसकेर आत्महत्या गरेका घटना सञ्चार माध्यममा सुन्न पाईन्छ। के नेपालमा सम्भावना नभएकै हो त ? के नेपाली बास्तवमै बेरोजगार नै हो त ? देशमा गरिखाने अवस्था नभएकै हो त ? काम नगरिकनै पनि खान पुग्ने संसारका कम देशमध्येको देश होला नेपाल जहाँ काम नगरेपनि भोकै मरेको आजसम्म रेकर्ड छैन। विश्वमहामारीको रुपमा रहेको कोरोनाकालमा विश्वका कयौं देशमा रोजगारी गुमेर/नपाएर मान्छे बाँच्नसम्म गाह्रो भयो तर नेपालमा खासै कसैलाई खानै नपाएर मर्ने अवस्था रहेन। तर सम्भावना देख्दैनन युवा नेपालमा रोजगारिको सम्भावना नभएको की जाँगर नभएको होला ?

विश्वको शक्तिशाली राष्ट्रमध्येको एक हो हाम्रो छिमेकी देश भारत जहाँको दक्ष जनशक्तिले नेपालमा भएका उद्योगधन्दा चलेका छन्। त्यो काम गर्न नेपालीलाई के ले छेक्यो ? लाखौ पारिश्रमिक दिएर बाहिरका देशका मान्छेलाई रोजगारी दिने उद्योगले नेपालीलाई रोजगारी नदिएकै होला त ? विदेशीले समेत अवसर देखेको नेपालमा नेपालीले किन गरिखान सक्ने सम्भावना देखेन ? हाम्रो शिक्षा प्रणालीको कमजोरी हो पहिलो कारण जसले शारीरिक श्रमप्रति अपनत्व होईन की घृणा गर्न सिकाएको छ।

परीक्षामा उत्कृष्ट अंक चाहिन्छ तर व्यवहार शुन्य हुन्छन उनीहरु के काम डिग्रीको सर्टिफिकेटको खोस्टो छ तर निवेदन लेख्ने ढंग छैन। शैक्षिक डकुप्मेन्टमा उत्कृष्टता हाँसिल गरेको छ तर भात पकाउन आउँदैन, आफुले खाएको थाल धुने ढंग छैन, आफुले लगाएका कपडा धुँदा लाज हुन्छ भनेर सिकाउने शिक्षाको काम छैन अब आधारभूत शिक्षा हाँसिल गरेपछी व्यक्तिको क्षमता बुझेर व्यवहारीक शिक्षा, अभ्यास जबसम्म दिईदैन तवसम्म देशमा सम्भावना देख्ने आँखाहरुमा रतन्धो लागिरहन्छ।

## विदेश

# टाइटानिकको सबैभन्दा धनी यात्रुको सुनको घडी लिलाम

**लन्डन, १६ वैशाख**

टाइटानिक एट्लान्टिक महासागरमा डुबेको एक सय १२ वर्ष भइसकेको छ। त्यो भीमकाय जहाज कहिल्यै डुब्दैन भन्ने ठोकुवा गरिएको थियो। तर सो जहाज डुब्दा करिब १ हजार ५०० जनाको मृत्यु भएको थियो। हालै मात्र सोही जहाजका सबैभन्दा धनी यात्रीको सुनको घडीसँग सम्बन्धित समाचार बाहिर आएको छ।

यो घडी लिलाम विक्री भएको छ। बेलायतमा भएको लिलामीमा घडी १ करोड १७ लाख पाउन्ड (१ अर्ब ९५ करोड ६९ लाख रुपैयाँ)मा विक्री भएको छ। टाइटानिकसँग सम्बन्धित कुनै पनि सामानले पाएको यो कीर्तिमानी रकम भएको बताइएको छ। घडी एक लाखदेखि १ लाख ५० हजार पाउन्डसम्ममा बिक्री हुने अनुमान गरिएको थियो। तर, यी अनुमानहरूलाई गलत साबित गर्दै एक अमेरिकी व्यक्तिले करोड पाउन्डभन्दा बढी मूल्यमा घडी किने।

घडीमा जेजेए लेखिएको छ। यो घडी अमेरिकाका सबैभन्दा धनी व्यक्ति जोन ज्याकब एस्टोरको थियो। सन् १९१२ को अप्रिल १५ मा टाइटानिक डुब्दै गर्दा उनले आफ्नी पत्नी मेडेलिनलाई लाइफबोटमा चढाइदिए। उनको पत्निको ज्यान त बच्यो। तर एस्टोर भने बाँच्न सकेनन्। त्यतिबेला उनी जम्मा ४७ वर्षको मात्र थिए। दुर्घटना भएको एक सातापछि एस्टोरको शव फेला परेको थियो। उनको सामानमा एउटा घडी पनि फेला परेको थियो। यो घडी कर्नल एस्टोरको परिवारलाई फिर्ता दिइएको र त्यसपछि घडी उनको छोराले लगाएको लिलामी कार्यालयले भनेको छ।

# विश्व आर्थिक मञ्चको प्रमुख एजेन्डामा गाजामा युद्धविराम

**रियाद, १६ वैशाख**

गाजामा जारी युद्ध र मध्यपूर्वको तनाव व्यापक समाधानका लागि आज विशेष बैठकको आह्वान गरिएको छ।

विश्व आर्थिक मञ्चको साउदी अरबद्वारा आयोजित आइतबारदेखि सुरू हुने दुई दिने विशेष बैठकमा गाजामा जारी युद्ध र मध्यपूर्वको तनाव समाधान छलफलको केन्द्रमा रहने अपेक्षा गरिएको छ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन, प्यालेस्टाइनी नेता र इजरायल र हमासबीच युद्धविरामका लागि मध्यस्थता गर्ने प्रयास गरिरहेका अन्य देशका उच्च पदस्थ अधिकारीहरू विश्वको सबैभन्दा ठूलो कच्चा तेल निर्यातकर्ता साउदी अरबको राजधानी रियादमा हुने शिखर सम्मेलनको अतिथि सूचीमा छन्।

साउदी अरबका योजनामन्त्री फैजल अल-इब्राहिमले शनिबार आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "विश्व अहिले सुरक्षा र समृद्धिलाई सन्तुलित बनाउने प्रयासमा छ।

"हामी यस्तो क्षणमा भेट्छौं जब एक गलत निर्णय वा एक गलत अनुमान वा एक गलत सञ्चारले हाम्रो चुनौतीलाई अझ बढाउनेछ।

एएफपीले इजरायली आधिकारिक तथ्याङ्कको आँकडाअनुसार अक्टोबर ७ मा हमासले दक्षिणी इजरायलमा गरेको अकल्पनीय आक्रमणबाट सुरु भएको गाजा युद्धका कारण करिब एक हजार १७० व्यक्तिको मृत्यु भएको थियो। मारिनेमा अधिकांश सर्वसाधारण थिए।

# लगानी सम्मेलनका आधारभूत तत्व र अपेक्षा



दीपेन्द्रबहादुर क्षेत्री / रासस

> "जुन मर्मका साथ सम्मेलनको तयारीमा जुटिएको छ। सोही अनुसार सेवा प्रवाहका निम्ति सम्बन्धित एजेन्सीलाई तम्तयार, चुस्त दुरूस्त र सुशासनयुक्त पद्दतिको खाचो पर्दछ।

राजनीतिक परिवर्तनलगत्तै सन् १९५२ मा भएको लगानी सम्मेलनलाई पनि गणना गर्दा हाल हुँदै गरेको नेपालमा चौथो सम्मेलन हो। सन् २०१७ र २०१९ का सम्मेलन बढी अनुभव बटुल्न र केही हदसम्म वित्तीय स्रोत जुटाउन सफल भए पनि सन्तोषप्रद रहेनन्। सरकारका नीतिमा परिवर्तन भइरहने (प्रत्यक्ष वैदेशिक लगानीको न्यूनतम् सीमा रु पाँच करोडबाट दुई करोडमा घटाइएको) बदलिएअनुसार सरकारका भाका बदलिने सरकारको पूँजीगत खर्चले सङ्घ, प्रदेश र स्थानीय तहको आधा पनि खर्च हुन नसकेको र आर्थिक गतिशीलता कम रहेको वस्तुगत परिस्थितिमा सम्मेलनको आलोचना नै भइरहेको छ। अघिल्लो सरकारका अर्थमन्त्रीले घोषणा गरेको यो सम्मेलन नीतिगत निरन्तरताको दुहाई सहित वर्तमान अर्थमन्त्रीले मुख्य एजेण्डाको रुपमा जिम्मेबारी सहित अघि बढाएको देखिन्छ।

वित्तीय स्रोतको अभावले उद्योग, व्यवसाय, विकास निर्माण हुन नसकेको भाष्य मुलुकमा निर्माण भएको छ। राष्ट्रिय वचतको दर कम छ। देशीय पुँजीपति विदेशमा लगानी गर्न पाउने ढोका खोल्ने माग गर्छन्। सीमित स्रोत र साधनको कुशल व्यवस्थापनको खडेरी छ। प्रविधिको प्रयोगमा गाउँगाउँमा बाटो निर्माणका नाममा डोजरको प्रयोग र कार्यालयहरुमा विद्युतीय प्रणालीको (डिजिटल) प्रयोगबाहेक कृषि, औद्योगिक उत्पादनमा न्यून छ। यस परिस्थितिमा आयोजना हुन लागेको लगानी सम्मेलन र विगतको अनुभवको आधारमा के अपेक्षा होला जिज्ञासाको विषय हो।

झट्ट हेर्दा लगानी सम्मेलनले नाफाको अपेक्षा गरिरहेको वैदेशिक पूँजी 'एक माना' नाफा गर्न सकिने हाम्रो जस्तो मुलुकले लगानीको अवसर दिन्छ भन्ने सोच बेठीक नभए पनि पूरै साँचो होइन। फेरि वैदेशिक लगानीले पूँजी मात्र होइन, उत्पादनका साधनमध्येको प्रविधि र व्यवस्थापन पनि भित्र्याउँछ। अतः हाम्रो यस सम्मेलनको प्रमुख लक्ष्य के हो ? यकिन भएकै होला। प्राकृतिक रुपले आकर्षक रहेको, बह लुकाएर पनि मुस्कान छर्ने धनी नेपालीको नजिकबाट अनुभूत गर्न मात्र त के होला र ? हजारभन्दा बढी सम्भावित लगानीकर्तालाई साठीभन्दा बढी देशबाट निम्ता गरिएको पर्यटन विकासको लक्ष्य मात्र होइन। सम्भावित लगानीकर्ता आफ्नो गतिविधिको क्षेत्रको अनुभवी, विश्व लगानी बजारको विशेषज्ञ र नेपालकै विषयमा पनि सार्वजनिक गरिएका तथ्याङ्क आफ्नो पहुँचका कुटनीतिक विचारबाट बुझेभै हुन्छ। त्यसका अतिरिक्त सम्मेलनमा प्रस्ताव गरिएका परियोजनाको विषयवस्तु पछि निर्णय लिन सघाउने विषयवस्तु हुन्। अर्कोतर्फ लगानीको माग गर्ने हाम्रो तर्फबाट सम्भावित लगानीकर्ताहरु बारेको जानकारीमा कति ध्यान दिइएको छ भन्ने विषय पनि महत्वको हो। माग र आपूर्तिको नियमअनुसार ती दुई चरको अन्तर्क्रियाबाट नतिजा निस्कने अर्थशास्त्रीय नीतिमा कति ध्यान दिइएको छ भन्ने विषयले पनि सम्मेलनको सफलता भर पर्छ।

सार्वजनिक गरिएको जानकारीअनुसार झण्डै डेढ सय परियोजना विमर्शका लागि पेश गरिएको छ। एक चौथाई प्रस्तावित परियोजना प्रारम्भिक चरणका छन् भने एक पञ्चमांश परियोजना वित्तीय स्रोतको खोजीमा रहेको देखिन्छ। निजी क्षेत्रबाट आंशिक रुपमा विकसित परियोजनामा वैदेशिक सहभागिताको अपेक्षाका परियोजना पनि छन्। मुलुक जलस्रोतको धनी कहलिएको सन्दर्भमा दर्जनभन्दा बढी जलविद्युत् आयोजना पनि प्रस्तावित छन्। परियोजनाहरुको बाहुल्यता, विविधता र अपेक्षित सहभागिताको पहल पनि फरक भएकाले सम्भावित लगानीकर्ताका लागि छनोटको विविधता पनि देखिन्छ।

लगानी सम्मेलनले लक्षित गरेका सम्भावित लगानीकर्ताको हुन त ? वास्तवमा स्वदेशी गैरआवासीय नेपाली र विदेशी लगानीकर्ता जो कोही पनि व्यावसायिक अनुभव भएकाहरुले योगदान दिनसक्ने अपेक्षा लिइएको देखिन्छ। आयोजनाको प्रकृतिअनुसार सयुक्त लगानी, परियोजनाको कुनै अंशको जिम्मेवारी वहन गर्ने जस्ता रोजाइ पनि हुन सक्छ। उत्पादन केन्द्रित, सेवा प्रदान गर्ने, उत्पादित सेवा/वस्तु आन्तरिक बजारका लागि पूर्ण वा आंशिक निर्यातजस्ता मिहिन विषय पनि छलफलमा आउन सक्छन्।

मूलरुपले लगानीका लागि इच्छुक व्यक्ति र कम्पनीले राख्ने अपेक्षा भनेको प्रथमतः पुँजीको सुरक्षा हो। आर्जन गरेको रकम सहजरुपले लैजान पाउने प्रत्याभूति पनि हो। त्यसका अतिरिक्त उद्यम व्यवसायमा प्रवेश गर्न आवश्यकपर्ने क्षेत्रमा चाहिने पूर्वाधारको व्यवस्थआ कम झन्झटिलो होस् भन्ने अपेक्षा पनि रहन्छ। यो माग पक्षलाई आपूर्तिकर्ता अतिउदार र उत्साही भाषामा आश्वासन दिने, व्यवहारमा अलमल मात्र होइन, सेवा प्राप्त नहुने अवश्था लगानीका लागी प्रतिकुल परिस्थिति हो। एकद्वार प्रणाली, विद्युत्, पानी, सडक, विदेशी विनिमय सेवा आदि दिने प्रत्याभूति जति सजिलोसँग दिइन्छ। सेवा प्रवाहमा त्यत्तिकै जटिलता पनि छ। जुन मर्मका साथ सम्मेलनको तयारीमा जुटिएको छ। सोही अनुसार सेवा प्रवाहका निम्ति सम्बन्धित एजेन्सीलाई तम्तयार, चुस्त दुरुस्त र सुशासनयुक्त पद्दतिको खाचो पर्दछ।

सम्भावित लगानीकर्ताले हेर्ने अर्को पक्ष सम्बन्धित मुलुकको अर्थतन्त्रको अवस्था पनि हो। सरकारको वैदेशिक मुद्राको सञ्चितिको अवस्था के छ ? बैदेशिक व्यापारको स्थिति बारेपनि चासो रहन्छ। व्यापारका हकमा आयातबाट निर्वाह हुने वस्तुको उत्पादन आन्तरिकरुपले गर्नसके आयात प्रतिस्थापनको फाइदा हुनसक्छ। निर्यात गरिने वस्तुको उत्पादन हुने हो भने सोको लगानीबाट लागानीकर्ता र देश दुवैले फाइदा लिन सक्ने हुन्छ। पशु, पंक्षिपालन व्यवसाय उक्त विषयको राम्रो उदाहरण हो। पशुपक्षीको मासु अण्डा आन्तरिक खपतका लागि पनि बढी माग भएको क्षेत्र हो। त्यसमा पनी छिमेकी दुई देशको आवश्यकता पनि ख्याल राख्ने हो भने पशु पक्षीपालन अति आकर्षक लगानीको क्षेत्र हो। उत्तरतर्फ भैंसी, राँगा बङ्गुरको गुणस्तरीय मासुको माग असीमित छ। दक्षिणतर्फ खसी, बोका, हाँस, कुखुराको मासु र अण्डा नेपालमा आयात भइरहेकामा हिमाली भेगको उत्पादनको माग सिर्जना गर्न र अभ्यस्त गराउने गुञ्जायस छ।

लगानीका लागि वस्तु, सेवाका हिसाबले जति सम्भव भए पनि अर्थतन्त्रको दिगोपना र जोखिम बहन गर्ने क्षमताको पारख पनि आवश्यक पर्छ। सन् २०२६ मा विकाशील देशमा स्तरोन्नति हुने एजेण्डा अर्थतन्त्रको सबलीकरणको धोतक हो तर पनि विगतदेखि नै मुलुकको साखको पारख गराउने प्रतिवद्धता भने ओझेलमै परेको छ।

समकालीन अवस्थामा मुलुकको बाह्य क्षेत्र अन्तर्राष्ट्रिय व्यापारलगायत चालु खाता, शोधनान्तर अवस्था सकारात्मक छ। विप्रेषण नितान्त अस्थायी प्रकृतिको स्रोत हो। तापनि बाह्य क्षेत्रलाई सबल बनाउन तत्काल योगदान गरेको चर हो। यो परिस्थितिमा लगानीककर्ताका निम्ति सकारात्मक सोचाई राख्न सघाउने तत्व पनि भएको छ। सार्वभौम साखको पारख अति महत्वको कारक भए पनि सो औंल्याउन नपाइनु खुड्किलो विषय हो।

सम्मेलन तयारीका सिलसिलामा जुन किसिमको प्रचारप्रसार भइरहेको छ, सोबाट लगानीकर्तालाई सम्मेलनमा भाग लिन उत्साही गराएको हुनु पर्छ। सरकारी र अन्तर्राष्ट्रिय मञ्चमा खासगरी कूटनीतिक क्षेत्र, बहुपक्षीय वित्तीय संस्थाहरु अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक र एशियाली विकास बैंक आदिका प्रतिनिधिहरु र उद्योग, व्यवसाय सञ्चालनका अतिरिक्त सामूहिक पुँजी (भेञ्चत क्यापिटल) लगानिकर्तामा घनिभूतरुपले सन्देश पुगेको देखिन्छ।

लगानीका लागि वातावरण सिर्जना गर्नुपर्ने भन्नु र अनुकूल वातावरण पाएका छौं भन्ने अनुभूति सम्बन्धित पक्षहरुको सामाजिक आर्थिक र सांस्कृतिक पृष्ठभूमिमा भर पर्छ। केही मुलुकका पर्यटक अति सेवा भाव र समर्पण खोज्ने हुन्छन् भने कुनै मुलुकका पर्यटक भने नेपाली सामान्य शैलीबाट अति प्रभावित भई आगमन कैयौं गुणा बढाएका हुन्छन्। लगानी त सम्पत्तिसँग सम्बन्धित विषय हो। प्रत्यक्ष रुपले लाभ र हानि व्यहोरिने यो गतिविधिले आपसि सद्भाव सौहार्दता र संयम पनि खोज्दछ। जुन दुबै पक्षका लागि लाभदायक र चिरस्मरणीय परिघटना पनि हुन्छ।

लगानी सम्मेलनको महत्वलाई ख्याल गरी भण्डै एक दर्जन ऐन अध्यादेशमार्फत संशोधन गरी लगानीमैत्री बनाइएको छ। जग्गा प्राप्ति उत्पादनका साधनमध्येको एक हो, सहज र समन्यायिक ढङ्गले प्राप्त हुनु पर्छ भन्ने आधारमा रजिष्ट्रेसन मूल्यको तीन गुणाभन्दा बढी हुनु हुँदैन भन्ने कानूनी नयाँ व्यवस्थाले लगानीका लागि अनुकूलता थपेको छ। उद्यम व्यवसाय सुरु गर्दाका अवस्थामा आइपर्ने झैझमेला समयमै टुङ्ग्याउन 'द्रुत निराकरण'को पद्दति अनुशरण गर्नुपर्ने हुन्छ।

विविध परिस्थितिमा आयोजना भएको यस लगानी सम्मेलनले विगतमा सँगालिएका अनुभवका आधारमा सच्याउनुपर्ने विषय ताकि त्रुटिरहित ढङ्गले व्यवस्थित गर्न भएको प्रयास प्रसंसनीय छ। सम्भावित लगानिकर्ताहरुको सम्पर्क रहने सहयोगी वा सहजीकरण गर्ने व्यक्ति वा संस्थाले सम्बन्धित पक्षको सामाजिक सांस्कृतिक मान्यताको ख्याल गरी व्यवहार गर्नु पनि महत्वपूर्ण जिम्मेवारी रहन्छ। हालसम्मका प्रयास र विदेशस्थित वैदेशिक नियोगहरुको प्रयत्न समेत र अन्तर्राट्रिय परिस्थितिलाई ख्याल गर्दा लगानी सम्मेलनका लागि वातावरण अनुकूल छ। नीतिगत र आश्वस्त पारिएका बिन्दुमा इमान्दारिता देखाइ कार्यान्वयनमा सघाउ पुर्‍याउँदा लगानीबाट प्रचुर मात्रामा लाभान्वित भएका घटना ताजा छन्। लगानीकर्ताहरुमा विश्वास अभिवृद्धि गर्न र मुलुकको हितका लागि लगानी सम्मेलन २०२४ भरोसायोग्य हुनेछ।

*(लेखक राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष तथा नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर हुनुहुन्छ)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आज सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ। आफ्नो कार्य सम्पादनमा सहजता मिल्नेछ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ।

**वृष** — आज सानातिना समस्यामा अल्झनुपर्नेछ। आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला। व्यापार व्यवसायमा पनि मन्दी आउनसक्छ।

**मिथुन** — आज अधुरा कार्य पूरा गर्न सहयोग मिल्नेछ। नयाँ कार्यको योजना बन्नेछ। शत्रुमाथि विजय मिल्ने समय छ। रमाइलो यात्राको योग पनि छ।

**कर्कट** — आज लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा हुनेछन् शुभकार्यको चर्चा चल्नेछ। महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ।

**सिंह** — महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला। सौन्दर्यतामा धन खर्च हुनेछ। सरकारी निकायको भय रहला। पुँजी बजारको लगानी कमजोर हुनसक्छ।

**कन्या** — आज विद्या र बुद्धिको विकास हुनेछ। दाम्पत्य जीवन सुखमय रहला। नयाँ व्यक्तिसँग भेटघाट पनि हुनेछ। विश्वासपात्रले काममा साथ दिनेछन्।

**तुला** — प्राविधिक काममा सफलता प्राप्त हुनेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। चिन्ता छाडेर चिन्तन गर्ने समय छ। प्रेमीको सहयोग पनि प्राप्त हुनेछ।

**वृश्चिक** — आज लक्ष्मी प्रसन्न हुने योग छ। सामाजिक, धार्मिक कार्यमा रुचि बढ्नेछ। प्राविधिक क्षेत्रमा रुचि बढ्नेछ। राज्यबाट मान सम्मान पनि पाइनेछ।

**धनु** — रमणीय र सुखद् यात्राको योग छ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। साथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ।

**मकर** — आज रमाइलो यात्राको योग रहेको छ। राजनैतिक कार्यमा सफलता मिल्नेछ। प्रेममा मधुरता छाउनेछ। मनमा हर्ष, उमङ्ग र उत्साह रहला।

**कुम्भ** — सौन्दर्यतामा धन खर्च हुनेछ। नजिकका व्यक्तिबाट कार्यमा वाधा आइपर्ला। गरेका काममा ढिलासुस्ती हुनेछ। यात्रामा मालसामान हराउन सक्छ।

**मीन** — वाक्चतुर्याईंले सङ्कल्प सिद्ध हुनेछ। वित्तिय संस्थाबाट सहयोग पाइनेछ। व्यापार व्यवसायमा सफलता मिल्नेछ। दिनको उत्तरार्ध सुखद् रहनेछ।

# कर्णालीका ठुला आयोजना अगाडि बढाइदिन मुख्यमन्त्रीको आग्रह

**युग संवाददाता**
**सुर्खेत, १६ वैशाख ।**

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले अन्तर सरकारी वित्त परिषदको नवौं बैठकमा प्रदेश सरकारको तर्फबाट संघीय सरकारलाई ठुला आयोजना प्राथमिकतामा राखिदिन सुझाव पेश गरेका छन् ।

संघीय सरकारका अर्थमन्त्री वर्षमान पुनको अध्यक्षतामा शनिवार सम्पन्न बैठकमा कँडेलले सुझाव पेश गरेका हुन् । बैठकमा सातै प्रदेशका मुख्यमन्त्रीहरुको सहभागिता रहेको थियो ।

कँडेलले कर्णालीका लागि नीतिगत र कार्यक्रमगत विषयक्षेत्रमा संघीय सरकारले अगाडि बढाउने पर्ने तथा सुधार गर्नुपर्ने विषयहरु समेट्नु पर्ने माग गरेका छन् । संघीय बजेट तर्जुमा गर्दा प्रादेशिक सन्तुलन कायम हुनुपर्ने माग कँडेलले राखेका छन् ।

तुलनात्मक रुपमा पछाडि परेको कर्णाली प्रदेशमा संघीय आयोजनाको संख्या अन्य प्रदेशको तुलनामा कम रहेको र अर्कोतर्फ कर्णाली प्रदेशको आन्तरिक स्रोतसमेत न्यून भएकोमा संघीय आयोजनाको वितरण मार्फत् सन्तुलन कायम हुनुपर्ने उनको माग छ ।

यस्तै, कर्णाली प्रदेशलाई अहिलेको राजस्व बाँडफाँड र समानीकरण अनुदान वितरणको सुत्र प्रभावकारी नभएको, ठूलो र विकट भूगोल भएको क्षेत्र र मानव विकास सुचाङ्कको अङ्कभार बढाउनु पर्ने माग गरिएको छ ।

जनसंख्याको आधारमा मात्र बजेट बाँडफाड हुनु नहुने, समानीकरण अनुदान बाँडफाँडका आधारहरु पुनरावलोकन हुनु जरुरी रहेको मुख्यमन्त्री कँडेलले भनेका छन् । पूर्वाधार विकासको सुचकले पछाडि परेको प्रदेश र स्थानीय तहलाई थप पछाडि पार्ने अवस्था सिर्जना भइरहेको उनको भनाई छ ।

'खर्चको आवश्यकता र राजस्व क्षमतावीचको अन्तर पूरा गर्न समानीकरण अनुदान वितरण हुनुपर्ने भए पनि हाल यसको राम्रोसंग विश्लेषण भएको छैन, आन्तरिक राजस्वबाट धानिन सक्ने प्रदेश र आन्तरिक राजस्वको न्यून सम्भावना भएका प्रदेशमा जाने समानीकरण अनुदानमा खासै उल्लेख्य फरक छैन यसले झन् प्रादेशिक असन्तुलन बढाइरहेको छ' कँडेलले बैठकमा भने ।

सशर्त अनुदान घटाउँदै जानुपर्नेमा बढ्दै गएकाले यसलाई घटाएर समानीकरण अनुदान बढाउनुपर्ने नीति लिनु पर्ने कँडेलले संघीय सरकारलाई सुझाएका छन् । संघले समानीकरण अनुदानको स्रोत दिएको आधारमा प्रदेश र स्थानीय तहले बजेट तर्जुमा गर्ने हुँदा पछि राजस्व कम उठेको आधारमा समानीकरण अनुदान कटाउँदा प्रदेश र स्थानीय तहको बजेट प्रभावित हुने र खरिद प्रक्रियामा गैसकेका आयोजना र कार्यक्रम अलपत्र पर्ने स्थिति अन्त्य गर्न स्रोत अनुसारको रकम उपलब्ध गराउनु पर्ने कँडेलले भनेका छन् ।

संघीय आयोजना कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित प्रदेश र स्थानीय तहसंग समन्वय गर्दा यसको कार्यान्वयन सहज हुने उल्लेख गर्दै मुख्यमन्त्री कँडेलले सशर्त अनुदान उपलब्ध गराउँदा क्रियाकलापमा आधारित नभई क्षेत्रगत रुपमा बजेट विनियोजन हुनुपर्ने भनेका छन् ।




## यस्ता छन् कार्यक्रमगत विषयक्षेत्रका सुझाव

नेपाल सरकारको विगत वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएको र कर्णाली प्रदेशको राजधानी जोड्ने प्रदेश प्रवेशद्वारको रुपमा रहेको कोहलपुरदेखि सुर्खेतसम्मको रत्न राजमार्गलाई चार लेनको बनाउने योजना कार्यान्वयनमा नगएकोले आवश्यक बजेटसहित कार्यान्वयनको ब्यबस्था मिलाउनु पर्ने माग अर्थमन्त्री वर्षमान पुन समक्ष राखिएको छ ।

विगत वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएको तर हालसम्म कार्यान्वनमा जान नसकेको सुर्खेत विमानस्थल विस्तार र स्तरोन्नती गरी संघीय राजधानीसँग कर्णाली प्रदेशको हवाई पहुँच र आन्तरिक उडानको केन्द्रको रुपमा विकास गर्न आवश्यक बजेटसहित कार्यान्वयनको व्यवस्था मिलाउनु पर्ने भनिएको छ ।

सुर्खेत उपत्यकाको तल्लो तटीय क्षेत्र बाढी तथा डुवानबाट बर्षेनी प्रभावित हुने गरेकोले उक्त समस्याको दीर्घकालीन समाधानको लागि निकास खोला नियन्त्रण आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (अनुमानित लागत तीस करोड उनान्तिस लाख) समेत तयार भएकोले यस आयोजनालाई प्राथमिकतामा राखी बजेटसहित कार्यान्वयनको व्यवस्था मिलाइ दिन कँडेलले आग्रह गरेका छन् ।

कर्णाली प्रदेशमा राष्ट्रिय गौरवका आयोजना नभएकोले निम्न आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा घोषणा गरी छुट्टै कार्यान्वनय संरचनासहित आयोजना कार्यालय स्थापना र आयोजनाको लागि आवश्यक बजेटको व्यवस्था सुझावपत्रमा उल्लेख छ ।

कर्णाली करिडोर (सुर्खेतदेखि हुम्ला) भेरी करिडोर (सुर्खेतदेखि डोल्पा), कर्णाली राजमार्ग (कालीकोटदेखि मुगु-रारा हुँदै मुगुम कार्मारोङ्गसम्म) लगायतका सडक पूर्वाधारलाई अगाडि बढाई दिन मुख्यमन्त्री कँडेलको केन्द्र सरकारसँग आग्रह छ ।

प्रदेशको द्रुत विकासका लागि बबई-चिसापानी, छिन्चु-बबई सुरुङ्गमार्गको अध्ययन गरी कार्यान्वयन गरिनुपर्ने, सुर्खेत उपत्यकामा खानेपानीको दीर्घकालीन समस्या समाधानका लागि भेरी लिफ्ट खानेपानी आयोजना सञ्चालनको सुरुवाती चरणमा रहेकोले यसलाई द्रुत गतिमा सञ्चालनको व्यवस्था मिलाउनु पर्ने सुझावमा उल्लेख छ ।

जाजरकोट र रुकुम पश्चिममा भुकम्पबाट प्रभावित क्षेत्रको जनस्तरमा अनुभूति हुने गरी समग्र क्षेत्रको पुनः निर्माणको प्रभावकारी कार्यक्रम र योजना आउनु पर्ने माग कँडेलले संघीय सरकारसँग राखेका छन् ।

विगतमा प्रदेशमा हस्तान्तरण गरिएका आयोजना स्रोत अभावमा अलपत्र परेको अवस्थामा आयोजना हस्तान्तरण गर्दा रकमसहित हस्तान्तरण गर्नुपर्ने सुझाव पत्रमा उल्लेख छ । संघले निश्चित लागत भन्दा माथिका आयोजना मात्र अगाडि बडाउने तर सो भन्दा तलका आयोजना रकमसहित हस्तान्तरण हुनुपर्ने भनिएको छ ।

त्यस्तै, प्रदेश सरकारले घरजग्गा रजिष्ट्रेशन शुल्क निर्धारण गर्ने तर मालपोत नियमावली २०३६ को नियम ६ ख को उपनियम (१) बमोजिमको न्युनतम मुल्य निर्धारण समितिमा प्रदेश सरकारको प्रतिनिधित्व नहुने भएकोले नियमावली संशोधन गरी प्रदेश सरकारको भूमि व्यवस्था हेर्ने र आर्थिक मामिलासँग सम्बद्ध मन्त्रालयको प्रतिनिधित्व हुने व्यवस्था मिलाउनु पर्ने माग कँडेलको छ ।

त्यस्तै, भेरीबबई डाईभर्सन आयोजनाको पानी तथा सिंचाई लुम्बिनी प्रदेशलाई वितरण हुने भएकोले यसबाट उत्पादन हुने विद्युत रोयल्टी कर्णाली प्रदेशलाई उपलब्ध गराउने व्यवस्था हुनुपर्ने, स्थानीय तहमा आर्थिक बर्षमा खर्च नभई बाँकी रहेको सशर्त, समपुरक र विशेष अनुदानको रकम प्रदेश संचित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्ने माग गरिएको छ ।

# पत्रकार महासंघ कर्णालीको १९ बुँदे कोतगढी घोषणापत्र जारी

**युग संवाददाता**
**सुर्खेत, १६ वैशाख ।**

नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश तेस्रो अधिवेशनका शनिवार सम्पन्न भएको छ । दैलेख जिल्लाको ऐतिहासिक कोतगढीमा आयोजित अधिवेशनले १९ बुदें गढी घोषणा-पत्र २०८१ जारी गरेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा अहिले पनि प्रेसको भूमिका र अधिकारका बारेमा जिम्मेवार निकायबाट सकरात्मक बुझाइ हुन नसकेकै कारण ठूलो चुनौतीकाबीच नेपाली पत्रकारिता अघि बढिरहेको अधिवेशनले ठहर गरेको छ ।

फलतः प्रेसको अधिकारलाई कानूनी, नीतिगत र व्यवहारिक रुपमा सुरक्षित गरी प्रेसको व्यापक भूमिका सुनिश्चित गराउन तिनै तहका सरकारसँग जोडदार माग गर्ने अधिवेशनले निर्णय गरेको छ ।

नेपालको संविधानले प्रेस र अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक अधिकारका रुपमा व्यवस्था गरेपनि त्यसको पूर्ण रुपमा प्रयोग गर्न नेपाली प्रेस र आम नागरिकले अहिले पनि नपाएको निष्कर्ष अधिवेशनले निकालेको छ ।

आजपनि समाचार लेखेकै कारण पत्रकारहरुमाथी राज्य र गैरराज्य पक्षबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा धम्की दिने, आक्रमण हुने प्रयास भइरहेको उल्लेख गर्दै नागरिकले संविधानप्रदत्त विचार र अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्न नपाएका प्रति सचेत रहेका महासंघले जनाएको छ ।

श्रमजीवी पत्रकार ऐन जारी भएको तिन दशक बढिको समय बितिसक्दा पनि यसको कार्यान्वयन सन्तोषजनक नभएको महासंघको भनाई छ । अहिले पनि मिडियामा न्यूनतम पारिश्रमिक, नियुक्ति पत्र र अन्य सुविधा बिनै झण्डै ९० प्रतिशतभन्दा बढी कर्णालीका श्रमजीवि पत्रकारहरुले काम गरिरहनु परेको अवस्थामा अधिवेशन श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयनको जोडदार माग गरेको छ ।

भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिमका सञ्चार माध्यम र सञ्चारकर्मीहरु संकटकालिन अवस्थाबाट गुज्रिरहनु परेको अवस्थालाई मध्यनजर गर्दै भुकम्प प्रभावित क्षेत्रका पत्रकार र सञ्चार माध्यमलाई आवश्यक राहतका कार्यक्रम कार्यान्वयनका लागि यो अधिवेशन कर्णाली प्रदेश सरकार र नेपाल सरकार समक्षा आग्रह गर्ने निर्णयसमेत महासंघले गरेको छ ।

सरकारी तथा निजीस्तरकाट सञ्चालित मूलधारका सञ्चार गृहमा कर्णालीबाट काम गर्ने सञ्चारकर्मीले पाउने गरेको पारिश्रमिक अत्यन्तै कम रहेको महासंघले भनेको छ । औपचारिकतामा मात्रै समावेश गर्ने स्ट्रिन्जरले कर्णाली क्षेत्रको पत्रकारिताको व्यवसायिक विकास हुन नसक्ने ठहर गर्दै विद्यमान स्ट्रिन्जरको सट्टा पूर्णकालिन रिर्पोटरको रुपमा नियुक्त गरी उनीहरुको स्थायित्व तथा प्राप्त गर्ने पारिश्रमिक वृद्धिको नीतिगत व्यवस्थाका लागि यो अधिवेशनले माग गरेको छ ।

साथै प्रेस काउन्सिल नेपालले वितरण गर्ने पुरस्कार, सम्मान, फेलोसिप कर्णालीमा काम गर्ने पत्रकारलाई अनिवार्य रुपमा समेट्दैं हालको फेलोसिपमा कर्णालीलाई कार्यक्षेत्र बनाएर काम गर्ने पत्रकारलाई अन्यत्र भन्दा ५० प्रतिशत वृद्धि गर्न यो अधिवेशन काउन्सिल समक्ष माग गर्दछ ।

त्यस्तै महासंघले कर्णालीका प्रमुख पर्यटकीय गन्तब्य दैलेख पन्चकोशी क्षेत्र (श्रीस्थान, नागस्थान, कोटिला, भैरबी, तल्लो डुङेश्वर, दैलेख सदरमुकामका कोतगढी, पञ्चदेवल, महाँबु, वेलासपुर मन्दिर, नेपाली भाषाको पहिलो शिला स्तम्भ) दुल्लु क्षेत्रका पर्यटकीय स्थल, मुगुको राराताल, हुम्लाको दोमुख, खार्पुनाथ, लिमी उपत्यका, डोल्पाको सेफोक्सण्डो, जुम्लाको ऐतिहासिक सिञ्जा क्षेत्र, कालिकोटको पाचलझरना, युद्धपर्यटकीय क्षेत्र पिली, जाजरकोटको जाजरकोट दरबारको पुनःनिर्माण, पश्चिम रुकुम पश्चिमको स्याप्रुताल, डिग्रे भगवती मन्दीर, सल्यानको कुपिण्डे दह, खैरावाङ भगवती मन्दिर, सुर्खेतको काँक्रेबिहार, बुलबुले क्षेत्रको व्यवस्थित विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षकको केन्द्रका रुपमा विकास गर्न आवश्यक बजेट बिनियोजनका तीनै तहका सरकारसँग माग गरेको छ ।

# नेपालमा ढुक्क भएर लगानी गर्न अपिल

**युग संवाददाता**
**काठमाडौँ, १६ वैशाख ।**

नेपालमा लगानीको अवसर खोजिरहेका स्वदेशी तथा विदेशी लगानीकर्तालाई यहाँ ढुक्क भएर लगानी गर्न र आफ्नो लगानीको प्रतिफलका चिन्ता नगर्न सरोकारवाला निकाय तथा विभिन्न क्षेत्रका जानकार हरुले अपिल गरेका छन् ।

काठमाडौँमा शुरु भएको तेस्रो लगानी सम्मेलनको पहिलो मुख्य सत्रका वक्ताहरुले नेपालमा लगानीको अवसर खोजिरहेका लगानीकर्तालाई यहाँको वातावरणको अवस्थाबारे जानकारी दिँदै उच्च मनोबलका साथ काम गर्न सन्देश दिए ।'नेपालमा लगानी अवसरको खोजी' विषयक पहिलो मुख्य सत्रको अध्यक्षता गरेका अर्थमन्त्री वर्षमान पुनले अध्यादेशमार्फत् कानुन संशोधनलाई लगानी वातावरण सुधारप्रतिको सरकारको प्रतिबद्धताको प्रमाणका रुपमा बुझ्नुपर्ने बताए ।

कानुन संशोधनका लागि निजी क्षेत्रसँग पर्याप्त छलफल भएको र निजी क्षेत्रको सुझावका आधारमै कानुन संशोधन प्रक्रिया अघि बढाइएको उनको भनाइ छ । अर्थमन्त्री पुनका अनुसार सरकारले करसम्बन्धी कानुनलाई थप लगानीमैत्री बनाउँदैछ ।

अध्यादेशमार्फत ल्याइएको केही नेपाल ऐन संशोधनमार्फत् सरकारले विश्व भन्सार सङ्गठन र विश्व व्यापार सङ्गठनको सिद्धान्त तथा अभ्यास अनुरूप नयाँ भन्सार विधेयक पनि संसदमा पेस गरेको उनले उल्लेख गरे ।

## संरक्षणका...

पाटनमा भैंसी चराउन गएका बेला ढुंगामा सुतेको अवस्थामा शिवको दर्शन पाएपछि उक्त ढुंगामा दिनहुँ दूध चढाएका र पछि शिवलिंग उत्पत्ति भएको किंवदन्ती छ ।

ढुंगा फुटेर शिवलिंग उत्पत्ति भएपछि बोल्न नसक्ने आचार्य ब्राह्मणका छोराले वेद पढ्न जानेका थिए । दैलेखको भुर्तीका आचार्य ब्राह्मणहरूले शिवलिंगमा दूध चढाउने र कालीकोटका काफ्लेहरूले शिव देवताको पहिलो पूजापाठ गर्ने चलन अहिले पनि कायमै छ ।

## डकुटमेन्ट हराएको सूचना

मिति २०८० वैशाख १० गते मंगलगढी चोकदेखि धारापानीतर्फ जानेक्रममा मेरो निम्न व्यहोरा भएको (मार्कसिट) डकुमेन्ट हराएको हुँदा भेटाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय, स्थानीय पालिका, वडा कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क राख्नुहोला ।

**तपशिल** :-
**नाम** : अन्जु बडुवाल
**ठेगाना** : कनकासुन्दरी गा.पा.-५, जम्ला
**सम्पर्क नं.** : ९८४१७६१७४८

सूचना, समाचार तथा विज्ञापनका लागिः
०८३-५२१६२७

## यसो...

हरिहरसिंह राठोर भन्छन्, 'दैलेखलाई केन्द्र मानेर समग्र कर्णाली प्रदेशको इतिहासको खोजी गरी राज्यले संरक्षणमा ध्यान पुऱ्याउन उहिलेदेखि नै ढिलाई गरिरहेको छ ।'

झण्डै तीन दशकदेखि सक्रिय प्रत्रकारितामा संलग्न राठोर दैलेखका सम्पदाहरुको ऐतिहासिक विशेषता र महत्वका बारेमा स्थानीयलाई थाहा नहुनु तथा संरक्षणका नाममा जथाभावी संरचना निर्माण गरिनुले सम्पदाहरुको मौलिक विशेषतासहितको इतिहास मेटिदै जान थालेको बताउँछन् ।

पञ्चकोशी, महाबुधाम लगायतका धार्मिक दृष्टिकोणले महत्वपूर्ण मानिएका क्षेत्रको संरक्षण गरी प्रचार-प्रसारलाई व्यापक बनाई आन्तरिक तथा छिमेकी मुलुक भारतका धामिक तिर्थालुलाई पर्यटकको रुपमा भित्राउन सकेको खण्डमा आर्थिक उपार्जनको पाटो बलियो हुनेमा दुई मत नरहेको देख्छन् पत्रकार राठोर ।

## स्थानीय...

दुल्लु र दैलेखमा दुईवटा राज्य थिए ।

बाह्रौं शताब्दीसम्म सिंजा उपत्यका र दुल्लु दुईवटा राजधानी बनाई विकास भएको विशाल खस साम्राज्य विघटन भएपछि मात्र बाइसे, चौबीसे राज्यहरू बनेका इतिहासमा उल्लेख छ । तत्कालीन खस राज्य कर्णाली र हालको कर्णाली प्रदेशको इतिहास खोजीमा राज्य ध्यान पुऱ्याउन नसकेको इतिहासविद्हरु बताउँछन् । वि.सं. ११४० मा राजा नागराजले राज्यको स्थापना, उनका वंसज, क्राचल्ल, पृथ्वी मल्ल, जितारी मल्लका पालामा निर्माण गरिएका, मुग्रा धारा, देवल, गुफा, पञ्चदेवलहरू, कोतगडी जस्ता ऐतिहासिक सम्पदा कर्णाली प्रदेशको खस साम्राज्यका महत्वपूर्ण प्रमाणहरू भएको बताइन्छ ।

खस मल्लकालीन साम्राज्यकालमा जुम्लाको सिंजाहाटमा ग्रीष्मकालीन र दैलेखको दुल्लुमा शीतकालीन राजधानी थियो । कुनै बेला खस संस्कृतिको साम्राज्य इराक, इरानदेखि बर्मा जावा समुद्रसम्म फैलिएको इतिहासकार डा. सूर्यमणी अधिकारीले लेखेको पुस्तक खस राज्यको इतिहासमा उल्लेख छ ।

मल्ल राज्यकालमा जुम्लाको सिंजा र दैलेखको दुल्लुमा रहेका हजार बढी ऐतिहासिक सम्पदा, कृति, अभिलेख मासिँदै गएका छन् । राज्यले संस्कृतिलाई अनुत्पादक क्षेत्र ठान्नुले दैलेखका अधिकांश संस्कृतिक तथा ऐतिहासिक सम्पदा नासिदै जान थालेको प्रति चिन्तित छन् दैलेख क्षेत्र नम्बर (२) प्रदेशसभा (क) बाट निर्वाचित सांसद घनश्याम भण्डारी । काठमाडौं राज्यलाई जितेर कर तिर्न बाध्य पार्ने सिंजा साम्राज्य नै भएको इतिहासलाई अन्देखा गरिनु विडम्बना रहेको सांसद भण्डारीको भनाई छ । पञ्चकोशी क्षेत्रको विकास र संरक्षणमा लागेका भण्डारी दैलेखको इतिहास जोगाउन राज्यले खासै ध्यान पुऱ्याउन नसकेको बताए ।

कर्णाली साम्राज्यको सिमाना पूर्वमा त्रिशूली नदी, पश्चिममा कुमाउँ गडवालसम्म थियो । दैलेखको गौडा दरबारमा मात्रै तत्कालीन समयमा ३५ जिल्लाको राजश्व संकलन गरिन्थ्यो । कर्णाली प्रदेशमा हजारौं ऐतिहासिक महत्वका स्थलहरुमध्ये दैलेखमा अवस्थित सम्पदाहरुको खोजी हुन नसकेको प्रति चिन्ता व्यक्त गर्दै सांसद भण्डारीले अब पनि संरक्षणमा ध्यान दिन नसके इतिहास नै हराउने खतरा देख्छन्

दैलेखको धार्मिक तथा ऐतिहासिक महत्वका क्षेत्रहरुको संरक्षणमा तीन वटै तहका सरकार हरुले नीति नै बनाएर लाग्नुपर्ने वकालत आफूले गर्दै आएको सांसद भण्डारीले बताए । सम्पदा क्षेत्र संरक्षणको मुख्य चुनौती सम्पदा बनेका जग्गाहरु व्यक्तिका नाममा हुनु रहेको भण्डारी बताउँछन् ।

'सम्पदा संरक्षण ऐनमा पुरातात्विक सम्पदास्थल भन्दा ५० मिटर वरपर व्यक्तिको स्वामित्व हुन नुहने उल्लेख गरेको भएपनि दूल्लु क्षेत्रका अधिकांश सम्पदाहरु व्यक्तिको नाममा दर्ता रहेकाले संरक्षणमा चुनौति छ, यसमा सरकारले कत्तिपनि ध्यान पुऱ्याउन खोजेको अवस्था छैन' भण्डारीले भने ।

सो ऐनले प्रमुख जिल्ला अधिकारीको मातहतमा रहने गरी संरक्षणि संयत्र व्यवस्था गरेको भएपनि सरकारी उपेक्षाका कारण इतिहास नामेट हुने चरणमा जानु दुखद् रहेको भण्डारीको धारणा छ । आफू दूल्लु नगरपालिकाको मेयर हुँदा पञ्चकोशी क्षेत्रको विकासका लागि योजना अगाडि सारेर सात करोडमा निर्माण ठेक्का भएको अवस्थामा संघ सरकारले वजेट नपठाएपछि योजना अगाडि बढ्न नसकेको भण्डारीको भनाई छ ।

# नीति निर्माणमा सहकार्य गर्दै कर्णाली सरकार र एमयू

**हिक्मतबहादुर नेपाली**
**सुर्खेत, १७ वैशाख ।**

कर्णाली प्रदेश सरकार र मध्यपश्चिम विश्वविद्यालय (एमयू)ले नीति निर्माण तथा अध्ययन अनुसन्धानमा सहकार्य गर्ने भएका छन् । त्यसका लागि प्रदेश सरकार र एमयूबीच समझदारी भएको छ ।

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र एमयूबीच नीति निर्माण तथा अध्ययन अनुसन्धानमा सहकार्य गर्ने सम्बन्धी समझदारी भएको हो । कर्णालीका मुख्यमन्त्री यामलाल कँडेल र विश्वविद्यालयका उपकुलपति प्रा.डा केशरसिंह रानाको उपस्थितिमा समझदारीपत्रमा हस्ताक्षर भएको छ ।



समझदारीपत्रमा विश्वविद्यालयका रजिष्ट्रार प्रा. डा. नारायण प्रसाद पौडेल र प्रदेश सरकारका प्रमुख सचिव चूडामणि पौडेलले हस्ताक्षर गरेका हुन् । मध्यपश्चिम विश्वविद्यालयमा स्थापना भएको नीति प्रयोगशालामार्फत नीति अनुसन्धान, विश्लेषण, मुल्यांकन, परिमार्जन, परीक्षण, बहस पैरबी तथा सिफारिसका लागि पारस्परिक हितको सिद्धान्तमा आधारित रहेर सरकार र एमयूबीच आपसी सहकार्य र सहयोग आदानप्रदान हुनेछ ।

समझदारीपत्रमा प्रदेश सरकारको नीति निर्माणमा दुई पक्षबीच आपसी सहयोग, समझदारी र सहकार्यको आधार तय गर्ने, सरकारको सार्वजनिक नीति निर्माणलाई तथ्य र प्रमाणमा आधारित बनाई सुशासन कायम गर्ने र सार्वजनिक नीति निर्माण, कार्यान्वयन र अनुगमन मुल्याङ्कनमा नीति प्रयोथशालाको विज्ञता र क्षमता उपयोग गर्ने उल्लेख छ ।

एमयू नीति प्रयोगशालामार्फत कर्णाली प्रदेश सरकारको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा नीति अनुसन्धान, विश्लेषण, मुल्याङ्कन, परिमार्जन, परीक्षण, बहस पैरबी तथा सिफारिस गर्न आपसी सहकार्य गर्ने उद्देश्यले कर्णाली सरकार र एमयूबीच समझदारी भएको हो ।

आइतवार हस्ताक्षरित समझदारीपत्रमा दुवै पक्षलाई जिम्मेवारी तोकिएको छ । एमयूले नीति प्रयोगशाला स्थापना सञ्चालन र सुदृढिकरण गरी नीति अनुसन्धानका लागि संस्थागत व्यवस्थापन गर्ने, कर्णाली सरकारले माग गरे अनुसार नीति निर्माण तथा अनुसन्धानका लागि प्राज्ञिक तथा प्राविधिक सहयोग दिनेछ ।

एमयूले नीति अनुसन्धानमा गरेको अनुसन्धान प्रदेश तथा शोधहरु सिफारिस गर्नुका साथै आवश्यकता र औचित्यका आधारमा कर्णाली सरकारलाई उपलब्ध गराउनेछ । यस्तै शैक्षिक, प्राज्ञिक कार्यनीति, कार्यक्रम एवं पाठ्क्रम र कर्णाली सरकारको नीतिबीच तादात्म्यता कायम गराएर आपसी सहकार्य गर्नेछ ।

कर्णाली प्रदेश सरकारले सरकारबाट नीति निर्माण गर्दा आवश्यकता अनुसार एमयूको प्राज्ञिक तथा प्राविधिक सहयोग लिन सक्नेछ । त्यस्तै नीति प्रयोगशालालाई उपयोगी हुने सरकारबाट हुनसक्ने ज्ञानसिप तथा स्रोत सामग्रीहरु कर्णाली सरकारले एमयूलाई उपलब्ध गराउनेछ ।

एमयूले गरेको नीतिगत अनुसन्धान तथा सिफारिसलाई सरकारले नीति निर्माणमा अधिकतम् उपयोग गर्नेछ । त्यस्तै प्रदेश सरकार मातहतका निकायबाट नीति निर्माण तथा अनुसन्धानका लागि आवश्यक सहयोग एमयूबाट एकद्धार प्रणालीबाट लिन कर्णाली सरकारले आवश्यक सहजिकरण गर्नेछ ।

विश्लेषण, मुल्यांकन, परिमार्जन, परीक्षण, बहस, पैरवी तथा सिफारिस प्रयोजनका लागि पारस्परिक हितको सिद्धान्तमा आधारित भई आपसी सहकार्य तथा सहयोगको आदानप्रदान गर्ने उद्देश्यका साथ उक्त समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

समझदारीपत्रमा हस्ताक्षरको मितिदेखि पाँच वर्षसम्म समझदारीको अवधि रहेको छ भने आपसी समझदारीमा पुनःनवीकरण गर्न सकिने बताईएको छ । समझदारीपत्रमा हस्ताक्षर गर्ने कार्यक्रममा कर्णालीका मुख्यमन्त्री कँडेलले समझदारी बमोजिमको कार्यहरू अगाडि बढ्नेमा आफू विश्वस्त रहेको बताए ।

विश्वविद्यालयका उपकुलपति रानाले सम्झौता पश्चात् कर्णाली प्रदेशको समग्र नीति तथा अनुसन्धानको क्षेत्रमा अपेक्षित कार्यहरू हुने बताए । उनले प्रदेश सरकारलाई आवश्यक पर्ने विज्ञ जनशक्ति विश्वविद्यालयसँग रहेको तथा सहकार्यका लागि तत्पर रहेको बताए ।

# पहिचानसहितको नागरिकता पाउनुपर्ने माग

**युग संवाददाता**
**सुर्खेत, १६ वैशाख ।**

आफ्नो पहिचानसहित नागरिकता पाउनुपर्ने यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिले माग गरेका छन् । निलहिरा समाजले आज सुर्खेतको वीरेन्द्रनगरमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहभागी भएका उनीहरुले यस्तो माग गरेका हुन् ।

संविधानले स्पष्ट व्यवस्था गरे पनि राज्यले आफूहरुको पहिचान खुल्नेगरी नागरिकता दिन नसकेको भन्दै उनीहरुले नागरिकताका सवालमा आफुहरु विभेद्मा परेको बताएका हुन् । कार्यक्रममा आफ्नो भनाइ राख्नुहुँदै निलहिरा समाजका अधिकृत भक्ति शाहीले आफ्नो पहिचान खुल्नेगरी नागरिकता लिन आफुहरुले धेरै प्रक्रिया पुरा गर्नुपरेको बताए । 'आफ्नो पहिचान खुलाउन पनि सर्जरी गर्नुपर्ने, त्यसमा ठूलो रकम लाग्छ, त्यो काम पनि नेपालमा हुँदैन । अनि अस्पतालको प्रमाणित चाहिने, अस्पतालले दिएको प्रमाण लिएर वडा कार्यालयमा सिफारिस लिन जानुपर्ने झन्झट छ'-उनले भने ।

आफुहरुलाई पहिचानसहित जिउन सक्नेगरी वातावरण तयार गर्न माग गर्दै तीन तहकै सरकारले यसमा पहल गर्नुपर्नेमा अधिकृत शाहीले जोड दिए । नेपालको कानुनले समलिङ्गी विवाहलाई कानुनी मान्यता दिए पनि त्यस्तो विवाह अस्थायी दर्ता हुने गरेको भन्दै यसमा पनि संशोधन आवश्यक रहेको उनको भनाई छ । यता, वीरेन्द्रनगरका जनप्रतिनिधिले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको सन्दर्भमा अहिले पनि बुझाइ कमजोर रहेको भन्दै यसले विभेदलाई प्रश्रय दिएको बताएका छन् ।

विभेद् कम गर्न र उनीहरुको पहिचानसहित खुल्ला रुपमा हिँडडुल गर्न पाउने वातावरण निर्माणका लागि सबै पक्ष सचेत हुन आवश्यक रहेको औंल्याएका छन् । वीरेन्द्रनगर- १ का वडाध्यक्ष दीनेश खत्रीले संविधान र ऐन कानुनमा भएका जटिलतालाई हटाएर सहज वातावरण बनाउनुपर्नेमा जोड दिए ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन गर्नुपर्ने भन्दै आगामी वर्षदेखि वडाको बजेटमा उनीहरुलाई समेट्ने प्रतिबद्धता जनाउनुभयो । वीरेन्द्रनगर-८ नं वडाध्यक्ष टीकाराम शर्माले पनि सबै समुदायलाई समान सहभागिताको परिकल्पना संविधानले गरेको भन्दै यसको कार्यान्वयनमा जोड दिए ।

## यि हुन्...

छ । नेपाली सेनाको नाममा भएकाले पनि सेनाकै मातहत कोतगढीको सुरक्षा गरिएको छ । नगरपालिका हुँदै स्थानीय सरकारले आफ्नो मातहत लिने भन्नेबारे धेरै पटक नगरपरिषद्बाट निर्णयहरू गरिएको भए पनि अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन । कोतगढीभित्र तत्कालीन समयमा रहेका महत्त्वपूर्ण तीनवटा घरहरू भग्नावशेषमा परिणत भएका छन् । कोतगढीसँगै करिव पाँच किलोमिटरको दूरीमा रहेका पंचिसदेवल र पंचदेवल, बेलासपुर मन्दिर र दैलेख सदरमुकामको सबैभन्दा अग्लो समुद्र सतहदेखि करिव चार हजार २०० मिटर अग्लो भूभागमा रहेको महावु धामसम्मसमेत संरक्षणको पर्खाइमा छन् । पञ्चकोशी क्षेत्रमा पर्ने शिरिस्थान, कोटिला, नाभिस्थान, पादुका, धुलेश्वर, भैरवी, डुङ्गेश्वर लगायतका क्षेत्रहरूको अस्तित्व पनि संकटमा छ । यि क्षेत्रले पाँच थान पञ्चकोशीको रुपमा परिचय बनाएका छन् । पञ्चकोशीका सयौं बिभिन्न स्थानहरूमा सयौं वर्षदेखि ज्वाला बलिरहेका छन् । बैश्वानर पुराणमा उल्लेख भए बमोजिम महादेवले कामदेवलाई भष्म गर्दा उनको नेत्रबाट निस्किएको ज्वालालाई एकत्रित गरी फाल्दा ज्वालाको उत्पत्ति भएको पौराणिक मान्यता छ । शिरिस्थानमा शाके संवत १७५७ को शिला अभिलेख पनि रहेको छ ।

पञ्चकोशी क्षेत्र मध्ये शिरिस्थान, नाभिस्थान र पादुका धार्मिक दृष्टिकोणले विशेष महत्वका क्षेत्र हुन् । पादुका मन्दिरमाको शाके संवत ११३६ को जैन तीर्थकर महावीरको मूर्तिको विशेष महत्व छ । त्यस्तै सिंजा साम्राज्यका राजा अशोकचल्लको समयमा स्थपना गरिएको साउना कार्की र साउका कर्कीनीको अभिलेख सहितको स्तम्भले पञ्चकोशी क्षेत्रको महत्व झनै बढाएको छ । नयाँ कार्यको थालनी गर्दा पञ्चकोशी देवतालाई सम्झिए सबै मनोकामना पुरा हुने धार्मिक मान्यता अझै पनि कायम छ भने, पञ्चकोशी क्षेत्रमा बलेका ज्वालाको अग्निबाट दाहसंस्कार गरे स्वर्गमा वास हुने धार्मिक विश्वास कायम छ । त्यस्तै, माओवादीले सशत्र द्वन्द्वका समयमा भत्काइदिएको दूल्लु दरवार पुनर निर्माणको पर्खाइमा बसेको छ । दैलेखका ऐतिहासिक वस्तुहरूको बारेमा लेखिएको पुस्तक इतिहास प्रकाशमा उल्लेख भएअनुसार बैश्वानर ज्वाला क्षेत्र भनेर उल्लेख गरिएको छ । यस क्षेत्रमा मध्यकालीन समयमा समेत ३२ वटा ज्वाला बलेको उल्लेख गरिएको छ ।

यसलाई बैज्ञानिक हिसावले समेत खोज अनुन्धान भएको बिभिन्न कृतिहरूमा उल्लेख गरिएको देखिन्छ । दैलेखको ज्वाला क्षेत्रमा रहेको प्राकृतिक ग्याँस वा पेट्रोलियमको संभावनाका बारेमा सन् १९६० मा नै प्रारम्भिक अध्ययन सुरु भएको थियो । त्यस्तै, सन् १९९३ मा जियोकेमिकलको नेतृत्वमा पनि अध्ययन भएको थियो । अध्ययनकै आधारमा खानी तथा भूगर्भ विभागको वेभसाइटमा ज्वाला क्षेत्रभरी ४५ वटा ग्यास उत्सर्जन केन्द्रहरू रहेको उल्लेख छ । दैलेखका ४० वटा सम्पदाहरू खानी तथा भूगर्भ विभागको सूचीमा सूचीकृत भएको भएपनि संरक्षणको काम भने अगाडि बढ्न सकेको छैन ।

दैलेख विभिन्न ३२ जात जातिको उद्गम थलो पनि हो । कोइराल गाउँबाट कोइराला, रिजुबाट रिजाल, दहबाट दाहाल, लम्सुबाट लम्साल, नेपाबाट नेपाल, कट्टीबाट कट्टेल, बस्तेकोटबाट बस्ताकोटी, खनबाट खनाल, दुल्लुबाट दुलाल, भुर्तीबाट भुर्तेल लगायतका ३२ जातजातिको उद्गम थलो भनेर बिभिन्न बंशावलीमा उल्लेख छ ।

## देवल...

विन्दु रहेको हुन्छ । देवल वास्तवमा देवलायको छोटकरी नाम भएकाले यसको योजना शास्त्रीय आधारमा गरिएको छ ।

धेरैजसो देवलका ढोकामाथिको कार्नेसमा सानै भए पनि गणेशको मूर्ति कुँदिएको छ । यस प्रकारका सबै देवलहरूको भित्री भाग सादा र बाहिर भने केही फूलबुट्टा वा अन्य कलाद्वारा अलंकृत गरिएको देखिन्छ ।

दैलेखका धेरै स्थानहरूमा यस्ता देवलहरू देखिन्छन् । करिव २५ बढी स्थानहरूमा पाँचवटा देवलहरू रहेका छन भने १३ देखि २५ वटासम्म देवलहरू भएका स्थानहरूमा पनि पाँच बढी छन् । विभिन्न स्थानहरूमा वीर खम्बहरू पनि प्रशस्त मात्रामा देख्न सकिन्छ । यि देवल तथा खम्बहरु पनि संरक्षणको पर्खाइमा छन् ।

# आमा हत्या गरेको आरोपमा छोरी पक्राउ



**युग संवाददाता**
**जुम्ला, १६ वैशाख ।**

जुम्लामा आमाको हत्या गरेको आरोपमा छोरी पक्राउ परेकी छन् । पातारासी गाउँपालिका-३ छुमकी ५५ वर्षीया सुवा महतराको हत्याको आरोपमा छोरी पक्राउ परेकी हुन् ।

शनिवार पातारासी गाउँपालिका-१ गडिगाउँ घर भई माइतीघर आएकी २५ वर्षीया हाँसु ऐडीलाई पक्राउ गरेको प्रहरी नायव उपरीक्षक छेदिलाल कामतीले जानकारी दिए ।

छोरीले मुसलले आमाको टाउकोमा हान्दा मृत्यु भएको उपरीक्षक कामतीले बताए । उनले भने, 'छोरीको मानसिक सन्तुलन ठिक नभएको हुँदा घटना घटेको हुन् सक्छ । उनलाई पक्राउ गरेका छौं । स्वास्थ्य जाँच गरेर मानसिक अवस्था के कस्तो छ ? डाक्टरको रिपोर्ट अनुसार कारबाही गर्छौं । यस सम्बन्धमा प्रहरीले थप आवश्यक अनुसन्धान गरिरहेको छ ।'

## चट्याङको समयमा सतर्क रहौं ।

- चट्याङबाट बच्ने उपायः
- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।

प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्दा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## हटलाइन मर्मत सेवा
## फोन गर्नुहोस । समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा ।
२) फर्निचर (काप्रेन्टर) मर्मत सेवा ।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा ।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा ।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा ।
६) पाथरुम, शौचालय मर्मत सेवा ।
७) कोठा सार्ने गाडी सुविधा ।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

भवानी छापाखाना DIGITAL COLOUR PRINTER
सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
**क्यालेण्डर**
स्पाइरल | साधारण | टेबल
के तपाई २०८१ सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?



•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070
24 Years in Printing Experience
Quality & Quantity Printing House
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



**भवानी छापाखाना**
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
: 083-521615, 9858067999


युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।